केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१५/०७३/७४ मिति: २०७४/०२/१९

**"क" वर्गका सम्पूर्ण वाणिज्य बैंकहरु**

## सूचना

नेपालको संविधानले तय गरेका प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा वाणिज्य बैंकको शाखा स्थापना गर्ने सम्बन्धी कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने सम्बन्धमा श्रीमान् गभर्नरज्यूको समुपस्थितिमा श्रीमान् डेपुटी गभर्नरद्वव, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक, नेपाल बैंकर्स संघका अध्यक्ष तथा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूहरुको उपस्थितिमा मिति २०७४/०२/१९ गते नेपाल राष्ट्र बैंक, गभर्नर कार्यालयमा बसेको बैठकमा देहाय बमोजिमको व्यवस्था मिलाउने निर्णय भएको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. *जम्मा ७४४ स्थानीय तहहरु मध्ये नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडको उपस्थिति रहेका स्थानीय तहहरुमा सम्बन्धित वाणिज्य बैंकले नै आ-आफ्नो तर्फबाट प्रतिनिधित्व जनाई बैंकिङ्ग सेवा प्रदान गर्ने ।*

२. *द्वन्द्वकालमा शान्ति सुरक्षाको कारण देखाई स्थानान्तरण भएका र बन्द भएका शाखाहरुलाई हाल संरचना गरिएको स्थानीय तहको केन्द्रमा रहने गरी तत्काल पुनर्स्थापना गर्न नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक लि. र कृषि विकास बैंक लि.ले तुरुन्त पहल शुरु गर्ने ।*

३. *नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक लि. र कृषि विकास बैंक लि. को उपस्थिति नरहेका अन्य स्थानीय तहहरुमा कम्तीमा एउटा वाणिज्य बैंकको शाखा स्थापना गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने :*

(क) *कुल ४८१ गाँउपालिका र २४६ नगरपालिकाहरुमध्ये एउटा पनि वाणिज्य बैंकको शाखा नरहेका स्थानीय तहमा वाणिज्य बैंकको शाखा स्थापनाका लागि नेपाल बैंकर्स संघले ७ दिन भित्रमा आवश्यक समन्वय तथा पहल गर्ने र उपरोक्त नगरपालिकाहरुको केन्द्रमा वाणिज्य बैंकको शाखा स्थापना गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउने । यस अन्तर्गत गाउपालिकामा वाणिज्य बैंकको शाखा खोलेपछि त्यस्तो स्थानमा तीन वर्षसम्म अर्को कुनै वाणिज्य बैंकले शाखा खोल्न नपाउने व्यवस्था गर्ने ।*

(ख) *हाल शाखा विस्तारको योजनामा रहेका र शाखा स्थापना गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त गर्ने प्रक्रियामा रहेका वाणिज्य बैंकहरुले नजिकको स्थानीय तहको केन्द्रमा बैंक शाखा राख्ने गरी आ-आफ्नो शाखा विस्तार योजना पुनरावलोकन/परिमार्जन गर्ने र यसका लागि नेपाल बैंकर्स संघले आवश्यक समन्वय गर्ने ।*

(ग) *तोकिएका जिल्लाहरुमा शाखा स्थापना गर्न शुन्य ब्याजदरमा नेपाल राष्ट्र बैंकबाट प्रदान गरिने कर्जा सुविधालाई यस प्रयोजनार्थ नेपाल राष्ट्र बैंकले उच्च प्राथमिकता दिने ।*

(घ) *यस व्यवस्था अनुरुप एउटा पनि शाखा नभएको स्थानीय तहमा स्थापना भई संचालनमा आउने पहिलो वाणिज्य बैंकको शाखालाई स्थानीय निकाय सम्बन्धी सम्पूर्ण सरकारी कारोबार संचालन गर्न दिने आवश्यक व्यवस्था नेपाल राष्ट्र बैंकले गर्ने ।*

(ङ) *स्थानीय तहमा वाणिज्य बैंकको शाखा कार्यालय स्थापना गरी संचालनमा ल्याउन कुनै समस्या आईपरेमा सोको निराकरणका लागि नेपाल राष्ट्र बैंकले आवश्यक पहल गर्ने ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(च) यस अनुरुप स्थानीय तहमा पुगेका/पुग्ने वाणिज्य बैंक शाखाहरुको स्थितिका सम्बन्धमा २०७४ असारदेखि प्रत्येक महिना नियमित रुपमा नेपाल राष्ट्र बैंकले समीक्षा गर्ने र यसका लागि आवश्यक समन्वयको व्यवस्था नेपाल बैंकर्स संघले मिलाउने ।

(छ) यसरी शाखा स्थापना गर्ने वाणिज्य बैंकलाई काठमाडौं उपत्यकामा शाखा स्थापना गर्न सहजीकरणको व्यवस्था नेपाल राष्ट्र बैंकले गर्ने ।

(ज) उपरोक्त स्थानमा आधारभूत पूर्वाधार सेवाको उपलब्धताको लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।

(झ) यस व्यवस्था अन्तर्गत कुनै बैंकलाई कुनै स्थानमा शाखा खोल्न नेपाल राष्ट्र बैंकले निर्देशन समेत दिन सक्ने ।

(ञ) उल्लेखित व्यवस्थाहरुको वारेमा नेपाल सरकार, अर्थ मन्त्रालयलाई जानकारी गराउने ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक